मुख्यमन्त्री

कोशी प्रदेश, विराटनगर नेपाल

# तमु ल्होसारको शुभकामना

तमु अर्थात् गुरुङ समुदायको महान् पर्व तमु ल्होसारको अवसरमा स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण गुरुङ समुदायसहित नेपाली दाजुभाइ, दिदीबहिनीमा सुख, शान्ति, सुस्वास्थ्य, समुन्नति र दीर्घजीवनको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

गुरुङ अर्थात् तमु समुदायका नागरिकहरूले पुस १५ लाई आधार बनाएर तमु ल्होसार पर्व मनाउँदै आउनुभएको छ । आजकै दिन गुरुङ समुदायको नयाँ सम्वत् पनि हो । प्राचीन तमु प्यो शास्त्रअनुसार तमुहरूका प्रथम महापुरुषको उत्पत्ति पनि तमु ल्होसारकै दिन भएको हो ।

ल्होसारको दिनभन्दा अघिल्लो साँझदेखि नै यसलाई मनाउन सुरु गरिन्छ । यस समुदायका दाजुभाइ, दिदीबहिनीहरू साँझ पूजापाठ, भोजभेतर र नाचगान गरेर आधा रातमा नयाँ वर्ष आयो भन्दै यसको स्वागत गर्नुहुन्छ । ल्होसारका दिन प्रातः कालदेखि नै एकआपसमा ढोगभेट गरेर आशिष् प्रदान गर्ने काम गरिन्छ र नाताकुटुम्बलाई बोलाएर धुमधामका दिन भोज खुवाइन्छ । गुरुङ समुदायका महिला र पुरुषहरू यस दिन आफ्नै मौलिक पहिचान झल्कने परिधानमा सुसज्जित देखिनुहुन्छ ।

नेपाल बहुधार्मिक, बहुसांस्कृतिक, बहुभाषिक र बहुजातीय विशेषता भएको मुलुक हो । यस देशमा प्रत्येक जाति र समुदायमा आआफ्नै संस्कार, संस्कृति, रीतिरिवाज, भाषा, भेषभूषा, पहिचान र सभ्यता विद्यमान छन् । प्रदेश सरकार सबै जाति र समुदायका यस्ता मौलिक विशेषता, पहिचान र सभ्यताको संरक्षण र संवर्धन गर्न क्रियाशील एवम् प्रतिबद्ध छ ।

तमु ल्होसार पर्वले तमु समुदायसहित सम्पूर्ण नेपालीका बिचमा बन्धुत्व, प्रेम, सहिष्णुता र सम्मान कायम गर्दै राष्ट्रिय एकताको सूत्रलाई बलियो बनाउने कुरामा म विश्वस्त छु ।

अन्तमा आफ्नै मौलिक संस्कृति र पहिचानले सम्पन्न भएको तमु ल्होसार पर्वका अवसरमा फेरि पनि सबैमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

मिति २०८० पौष १५ गते आइतबार

केदार कार्की
मुख्यमन्त्री